नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३४ अंक ३०६ २०८२ साल असार ३२ गते बुधबार (16 July 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सरकारका गतिशील ... ३ पृष्ठमा : गत वर्ष आफ्नो नेतालाई अपदस्थ ... ३ पृष्ठमा भारतद्वारा बोइङ जेटहरूमा ...

## भारतको गुजरातबाट पाँच नेपाली मजदुरको उद्धार



**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

भारतको गुजरात राज्यमा यातना भोगिरहेका पाँच जना नेपाली मजदुरको उद्धार गरि परिवारको जिम्मा लगाइएको छ ।

सप्तरीको तिरहुत गाउँपालिका ४ र हनुमाननगर कंकालिनी नगरपालिका ८ का गरि पाँच जना मजदुरीको सिलसिलामा गुजरातको बनासकांठा जिल्लास्थित जोहरापुरा गाउँमा रहेको रामदेव कोल्ड स्टोरमा काम गर्न गएका थिए ।

ठेकेदारले कुटपिट गर्नुका साथै मानसिक र शारीरिक यातना दिने गरेको मजदुरहरूको आरोप छ । उक्त घटनामा इन्जिनियर तथा साइबर सुरक्षा विश्लेषक कुमार अभिनवको सक्रिय पहल र समन्वयमा भारतको गुजरातबाट सफल उद्धार गरिएको तिरहुत गाउँपालिका अध्यक्ष बिजय यादवले जानकारी दिए ।

इन्जिनियर अभिनवले विगत ८ वर्षदेखि साइबर सुरक्षा, मानवअधिकार संरक्षण र नीति अनुसन्धानको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउँदै आएका छन् । उनकै पहलमा मजदुरहरूलाई गाडीमार्फत बस स्टेसनसम्म पुर्‍याएर भारतीय अधिकारीहरूसँग समन्वय गरी सुरक्षित रूपमा घरसम्म उद्धार गर्न सफल भएको गाउँपालिका अध्यक्ष यादवले बताए ।

तिरहुत गाउँपालिका अध्यक्ष विजय यादवले घटनाको जानकारी समयमै दिएकाले उद्धार प्रक्रिया सहज भएको नेपाल राष्ट्रिय मुसहर संघ सप्तरी अध्यक्ष शिवदेव सदाले बताए ।

उनले भने "आफ्नो छोरा विकी सदा मार्फत मजदुरहरूमाथि भएको दुर्व्यवहारबारे सूचना पाएपछि जिल्ला प्रशासन कार्यालय र प्रहरीमा उजुरी दिएको थिए । पछि कुमार अभिनवको सहयोगमा भारतीय पक्षसँग समन्वय गर्दै उद्धार सम्भव भएको छ ।"

उद्धार गरिएका तिरहुत गाउँपालिका वडा नं. ४ का ६० वर्षीय सकलदेव सदाले तीनपल्ट खाना र रु १६ हजार तलब दिने भनेर सम्झौता गरिएको भए पनि काम गरिरहँदा थाकेको बेला समेत जबरजस्ती काम गराइने र काम गर्न नमानेपछि कुटपिट तथा ज्यान मार्ने धम्की दिने गरिएको सुनाए ।

यस्तै हनुमाननगर कंकालिनी ८ का २८ वर्षीय चन्दन खंग, शैलेन्द्र सदा लगायत अन्य पीडित मजदुरहरूले आफूहरूलाई बिहान ९ बजेदेखि राति २ बजेसम्म काम गराइने, एउटै कोठामा थुनिएर दिसा-पिसाबसमेत त्यही गर्न बाध्य बनाइने गरेको र अमानवीय व्यवहार भोग्नुपरेको बताए ।

उनीहरू वैशाख ५ गते भारतको बिहार अन्तर्गत सुपौल जिल्लाका ठेकेदार राजेश शर्मामार्फत गुजरात गएका थिए । त्यहाँ मजदुरहरू ठेकेदार मोहमद अकबर मियाँ र उनका भाई सकिर मियाँको नियन्त्रणमा रहेकाले उनीहरूलाई निरन्तर यातना दिइएकाले उद्धार गरिएको संयुक्त राजनीतिक दलित संघर्ष समितिका अध्यक्ष भुवनेश्वर साफीले जनाए ।

सफल उद्धार अभियानमा नेपाल राष्ट्रिय मुसहर संघका केन्द्रीय सदस्यहरू गंगाई सदा र बद्री सदा लगायत विभिन्न निकायहरूले समन्वय र सहयोग गरेका थिए । तिरहुत गाउँपालिका अध्यक्ष विजय यादव र जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक वीरेन्द्र कुमार यादवको रोहवरमा परिवारजनको जिम्मा लगाइएको छ ।

## मधेस प्रदेशमा 'लम्पीस्किन' को संक्रमण बढ्दो

जनकपुरधाम, ३१ असार (रासस) ।

मधेस प्रदेशमा पशु चौपायामा लाग्ने लम्पीस्किन सङ्क्रमण तीव्र रुपमा बढ्दो छ । विगत दुई महिनादेखि सो रोग मधेस प्रदेशमा फैलिँदै गएको हो ।

मधेस प्रदेशको पशुपन्छी विकास निर्देशनालय जनकपुरका अनुसार प्रदेशअन्तर्गतका जिल्ला तथा ग्रामीण क्षेत्रमा एक हजार ४१ पशुमा लम्पीस्किनको सङ्क्रमण फेला परेको छ । सो रोगबाट हालसम्म १५ वटा पशुचौपाया मरेका छन् । उक्त रोग लागेमा पशुलाई सुरुमा ज्वरो आउने, शरीरमा घाउखटिरा हुने तथा अन्नपानी चारा एवं घाँस खान नखोज्ने लक्षण देखिन्छ ।

निर्देशनालयबाट प्राप्त विवरणअनुसार मधेस प्रदेशको सिरहामा ३७३, धनुषा जिल्लामा ३३०, सर्लाहीमा २५०, रौटहटा ७६ वटा पशुमा लम्पीस्किन भेटिएको छ । साथै उक्त रोगबाट धनुषामा सात, सर्लाहीमा चार तथा रौतहटमा चारवटा पशु मरेका छन् । रोगको पहिचान भएपछि सो सङ्क्रमण हुन नदिन खोप अभियान सुरु गरिएको निर्देशनालयका निर्देशक जागेश्वर यादवले जानकारी दिनुभयो ।

सो अभियानअन्तर्गत प्रदेशभरिका दुई लाख ४५ हजार पशुलाई खोप लगाइएको जनाइएको छ । प्राप्त जानकारीअनुसार दुई लाख ३१ हजार ५१५ पशुलाई विज्ञ केन्द्रमार्फत खोप दिइएको छभने स्थानीय तहमार्फत धनुषामा ५६६, सर्लाहीमा १७५ तथा रौतहटमा तीन हजार ७०० पशुलाई खोप लगाइएको छ ।

यो गाई तथा भैँसीमा देखिन एक विषाणुजन्य रोग हो । प्रदेशभरि खोप अभियान सञ्चालन गर्दै उच्च जोखिम भएका क्षेत्रहरूमा निःशुल्क खोप वितरण भइरहको यादवले बताउनुभयो ।

रोग फैलाउने कीटाणु नियन्त्रणका लागि कीटनाशक औषधि समेत छर्किने गरिएको छ । साथै गोठ सफाइ, मलमूत्र व्यवस्थापन तथा जैविक सुरक्षाका उपाय उपनाउनका लागि किसानलाई प्रेरित गरिएको छ । गम्भीर अवस्थामा पशु चिकित्सक टोली खटाएर उपचार व्यवस्था गरिएको निर्देशक यादवको भनाइ छ ।

## राजर्षि जनक विश्वविद्यालयका लागि ३७ करोड ९३ लाख बजेट स्वीकृत

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३१ असार ।**

राजर्षि जनक विश्वविद्यालयको आगामी आर्थिक वर्षका लागि रु ३७ करोड ९३ लाख ८३ हजार बजेट स्वीकृत गरिएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री एवम् कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार सम्पन्न १०औँ सभा बैठकले बजे स्वीकृत गरेको हो ।

बैठकमा विश्वविद्यालयका रजिष्ट्रार सत्यनारायण साहद्वारा प्रस्तुत बजेट तथा कार्यक्रम संशोधनसहित स्वीकृत गरिएको हो ।

## न्यौपाने संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा नियुक्त

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**

राष्ट्रिय सभा सदस्य भगवती न्यौपाने संघीय मामिला तथा सामान्य प्रशासनमन्त्रीमा नियुक्त भएकी छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलले न्यौपानेलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीमा नियुक्त गर्दै जिम्मेवारी तोकेका हुन् ।

'नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष राजीनामा दिनुभएकोले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा माननीय श्री भगवती न्यौपानेलाई मन्त्री पदमा नियुक्त गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको छ,'राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ ।

यसअघि मंगलबारै सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले पदबाट राजीनामा दिएका छन् । उनले प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष राजीनामा दिएका हुन् ।

मन्त्री गुप्ताले आफूमाथि लागेको आरोपको अनुसन्धान गरी सत्यतथ्य बाहिर ल्याउन सहयोग पुगोस् भनेर राजीनामा दिएको बताए । उनले आजसम्म आफूलाई सहयोग गरेका सबैप्रति धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पार्टीले दिएको जिम्मेवारी निष्ठापूर्वक पूरा गर्ने प्रतिबद्धता

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो !
भर्ना खुल्यो !!
विगत १७ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )
डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
( ३ बर्षे )
न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए.
फारम भर्ने अन्तिम मिति : २०८२ श्रावण ११ गते सम्म ।
सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

# जैविक विविधता बढाउन वृक्षरोपण अभियान

सिरहा, ३१ असार (रासस) ।

सिरहाको कर्जन्हा नगरपालिका-१ स्थित बन्दीपुर सबडिभिजन वन कार्यालयले विभिन्न जातका ९९ हजार ५०० रुखका बिरुवा उत्पादन गरेको छ । रुख रोपेर हरियाली बढाउने उद्देश्यले उत्पादन गरिएका यी बिरुवा निःशुल्क वितरण तथा वनजङ्गल क्षेत्रमा रोपण गर्न प्रयोग गरिने जनाइएको छ ।

सबडिभिजन वन कार्यालयका प्रमुख तथा वन अधिकृत रामकेवल रायका अनुसार महोगनी, टिक, खयर, अमला, गुलमोहर, अर्जुन, शनि, तेजपात, गम्हाइर, सरिफा, जामुन, इपिल-इपिल, बकाइन, बयर, लिची, बरो, टाकीलगायत प्रजातिका बिरुवा उत्पादन गरिएको हो । यो कार्यक्रम सङ्घीय सरकारअन्तर्गतको राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, प्रदेश सरकार तथा चुरे जलवायु उत्थानशील चुरे कार्यक्रमअन्तर्गत सञ्चालित भएको हो ।

स्थानीय नगरपालिका, गाउँपालिका तथा वन क्षेत्रलाई हराभरा र वातावरणमैत्री बनाउन यस वर्ष पनि कार्यालयले हजारौं बिरुवा उत्पादन गरेको वन अधिकृत रायले बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय बासिन्दालाई निःशुल्क वितरण तथा वनजङ्गल क्षेत्रमा रोप्नका लागि यी बिरुवा तयार गरिएको हो ।"

उत्पादित बिरुवा डिभिजन वन कार्यालय लहान र क्षेत्रीय वन निर्देशनालयबाट निरीक्षण तथा पास भएपछि मात्र सम्बन्धित पालिकामार्फत वितरण गरिनेछ । बाँकी रहेका बिरुवा भने प्रत्यक्ष रूपमा वनजङ्गल क्षेत्रमा वृक्षरोपण गरिने वन अधिकृत रायले जानकारी दिनुभयो ।

वन कार्यालयले हरेक वर्ष यस्ता बिरुवा उत्पादन गरी निःशुल्क वितरण गर्दै आएको छ । वातावरण संरक्षण र जैविक विविधता बढाउने उद्देश्यले यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको वन कार्यालयको भनाइ छ ।

# पूर्वाञ्चल विश्वविद्यालयको एक अर्ब ७० करोड बजेट स्वीकृत

काठमाडौं, ३१ असार (रासस) ।

पूर्वाञ्चल विश्वविद्यालयको मंगलबार सम्पन्न ४१औं सभाले आगामी आर्थिक वर्षका लागि रु एक अर्ब ७० करोड १४ लाख ३० हजार बराबरको बजेट स्वीकृत गरेको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको अध्यक्षतामा भएको सभामा रजिष्ट्रार प्राडा कल्याणी मिश्रद्वारा प्रस्तुत आर्थिक वर्ष २०८२/८३ का प्रस्तावित आय-व्यय विवरण स्वीकृत भएको हो ।

सभाले उपकुलपति प्राडा बिजुकमार थपलियाद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पनि पारित गरेको छ । सो विश्वविद्यालयले शिक्षण अस्पतालको स्तरोन्नतिसहित 'एमबिबिएस' कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राखेको छ । प्रधानमन्त्री एवं कुलपति ओलीको तत्परतामा नयाँ आर्थिक वर्ष प्रारम्भ हुनुपूर्व नै सबै विश्वविद्यालयका सभा आयोजना भई बजेट स्वीकृतिको क्रम जारी छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सरकारका गतिशील एक वर्ष

**हरिविनोद अधिकारी**
काठमाडौं, ३१ असार (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सरकार बनेको एक वर्ष पूरा भएको छ । २०८१ असार ३० गते एमालेका अध्यक्ष तथा संसदीय दलका नेता केपी शर्मा ओली प्रधानमन्त्री नियुक्त हुनुभएको थियो र ३१ गते शपथग्रहण गरेर सरकारको नेतृत्व सम्हाल्नुभएको थियो । त्यसअघि मूलतः प्रतिनिधिसभाका दुई ठूला दलहरू नेपाली कांग्रेस र नेकपा (एमाले) ले पालैसँग प्रतिनिधिसभाको तेस्रो दल नेकपा (माओवादी) लाई सत्ताको साँचो सुम्पेर सहयोगीको भूमिकामा रहेका थिए । माओवादीका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो दलका ३२ जना सांसदहरू 'जादुको नम्बर' भएकाले कसैले पनि हटाउन नसक्ने विचार व्यक्त गर्न थालेपछि शायद दुई ठूला दलहरूले गत वर्ष असार १७ गते घोषित रूपमा सातबुँदे सहमति गरी नयाँ सत्ता गठबन्धन गरेका थिए । सातबुँदे सहमतिको मुख्य उद्देश्य नै मुलुकलाई अस्थिरताको राजनीतिक भुमरीबाट जोगाउनु थियो ।

स्मरणीय के छभने २०८० फागुन २१ गतेपछि सहयोग गर्ने तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउने दल एमाले नै थियो र त्यही दलले नै तत्कालीन प्रमुख प्रतिपक्ष कांग्रेससँग सहमति गरेर दाहाल सरकारलाई विस्थापित गरेको थियो । विभिन्न राजनीतिक पार्टीहरूको समर्थनमा प्रधानमन्त्री बन्नुभएका दाहालले २०८१ साल असार ३० गतेसम्म आउँदा धेरै पटक संसद्मा आफूलाई बहुमत सिद्ध गराउनु परेको थियो । अर्थात् प्रत्येक तीन/तीन महिनाजसो सरकारले विश्वासको मत लिइरहनुपर्ने अवस्था थियो । यसको कारण थियो, सरकारसँग तीन या त्योभन्दा बढी दलहरू मिसाएर मात्र बहुमत पुग्थ्यो किनभने सरकारको नेतृत्व गर्ने दलसँग मात्र ३२ मत थियो । यसले गर्दा जतिबेला पनि सरकारको स्थिरतामाथि प्रश्न उठिरहेको थियो ।

संसद्का दुई ठूला दल नेपाली कांग्रेस र दल नेकपा (एमाले) ले सत्ता सञ्चालन गरेपछि प्रत्येक महिनाजस्तो सरकारले विश्वासको मत प्राप्त गर्नुपर्ने अवस्था पनि छैन र यदि त्यस्तो अवस्था आएमा पनि सहज तरिकाले बहुमत पुग्ने सङ्ख्या रहेको छ । दुई ठूला दलहरू मिलेर सरकार बनाउँदा साना दलहरूको अनावश्यक माग राख्ने प्रवृत्ति घट्यो । अहिले सरकारले बारम्बार विश्वासको मत देखाउनु परेको छैन र यदि देखाउनु परे पनि भिँगे दाउवालाहरूको कुनै गुञ्जायस देखिँदैन किनभने दुईवटा दलहरूको नै भन्डै दुई तिहाइ मत सुरक्षित छ । कुनै एक दलको बहुमतको सरकार नबन्दासम्म एकअर्कासँग सहयोग र सहमतिमा नै सरकार बनाउनुपर्ने बाध्यता छँदैछ ।

वर्तमान सरकार बनेको एक वर्ष पूरा भएको छ । जनताका असीमित अपेक्षा र देशमा समस्या एकैपटक समाधान हुन सम्भव पनि छैन । लयभन्दा बाहिर जान थालेको अर्थव्यवस्था यो सरकार आएपछि लयमा फर्केको देखिन्छ । यसबीचमा मुलुकका आर्थिक सूचकाङ्कहरू सकारात्मक देखिएका छन्भने विकासका राष्ट्रिय आयोजनाहरूको कामले गति लिएको छ/ । अर्थतन्त्रलाई चलायमान गर्न, उत्पादन र उत्पाकत्व वृद्धि गर्न, रोजगारी सिर्जना गर्न, स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्न र लगानीमैत्री वातावरण निर्माण गर्न वर्तमान सरकारले धेरै नीतिगत सुधार गरेको छ । अहिले स्थानीय तह, प्रदेश र सङ्घीय तहको बीचमा आपसी समन्वय र सहकार्य भएको छ ।

कतिपय बनाउनैपर्ने विधेयकहरू लामो समयदेखि संसद्मा अड्किएर बसेका थिए, ती अहिले धमाधम पारित हुँदैछन्, पारित हुनका लागि या त प्रस्तुत भइसकेका छन् या प्रस्तुत हुने क्रममा छन् । कतिपय त कानुन बनेर लागू भइसकेका छन् । विदेशसँगको सम्बन्ध अहिले सुधिएको देखिन्छ । विभिन्न देशमा राष्ट्रप्रमुख तथा सरकार प्रमुखलगायत उच्चस्तरीय भ्रमणहरू भएका छन् । एक वर्षमा नेपालले विश्व मञ्चमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ र आगामी दिनमा अझ बढी महत्वपूर्ण कामहरू हुने विश्वास गरिन्छ । देशभित्र अहिले अनुकूल वातावरण निर्माण गरेर उत्तर र दक्षिणका विशाल छिमेकी मुलुकहरू भारत र चीनले गरेको आर्थिक उन्नतिको लाभ नेपालजस्ता मुलुकले लिनुपर्ने अवस्थामा हामी भने अनावश्यक बहसमा अल्झिइरहे राष्ट्रको समुन्नतिका लागि त्यो प्रत्युत्पादक हुनेछ । नेपालले अल्पविकसित देशबाट आफूलाई विकासशील मुलुकमा स्तरोन्नति गरेर देशभित्रै सम्भावनाहरूको ढोका खोल्नुपर्नेछ जसबाट बढ्दो युवा पलायनलाई रोक्न सकियोस् ।

मुलुकमा अझै सुशासनको कमी छ । सरकार तदारुकताका साथ सुशासनका लागि लाग्नु जरुरी छ । सुशासन कायम गर्ने सन्दर्भमा देखिएका बाधा-अड्चन पहिल्याएर तदनुरुपको व्यवस्था गर्न सरकार र यसका अवयवले अब ढिला गर्नु हुँदैन । सातबुँदे सहमतिमा राष्ट्रिय सहमतिको सरकारले संविधान लागू भएपश्चात् अभ्यासमा देखापरेका सबल र दुर्वल पक्ष तथा जटिलता समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माणलाई प्राथमिकता दिनेछ भन्ने उल्लेख भएअनुसार यो सरकार गठनसँगै संविधान संशोधनको कुराले महत्व पाएकै थियो । यसको कारण थियो, संविधानमा नै लेखिएको छ संविधान संशोधन एउटा प्रक्रियाबमोजिम हुनेछ तर केही प्रावधानहरूमा संशोधन हुनेछैन । आयोगहरूका बारेमा भनिएको छ, प्रत्येक १० वर्षमा आयोगहरूका बारेमा पुनरावलोकन हुनेछ अर्थात् आवश्यकता पर्दा संविधान संशोधन गरेर आयोगहरूको सङ्ख्या घटबढ गर्न सकिने छ । सातबुँदेमा त भनियो संविधान संशोधनको कुरा तर सरकारसँग दुवै सदनमा दुई तिहाइ मत छैन । अझ माथिल्लो सदनमा त बहुमत पनि पुग्ने सङ्ख्या देखिएन । तथापि, सरकारले एउटा काम त गर्नैपर्छ, संविधान संशोधनका लागि आवश्यक समितिहरू निर्माण गरेर संशोधनका लागि सुझावहरू लिन थाल्नुपर्छ छिट्टै । स्थानीय सरकारका समस्या, प्रदेश सरकार र व्यवस्थापिकाका समस्या, सङ्घीय सरकार तथा दुई सदनका समस्या र आयोगहरूका समस्या केलाउन थाल्नुपर्छ । यसका लागि एक शक्तिशाली समिति गठन गर्नुपर्छ जसका लागि दलहरूले पनि आफ्ना आफ्ना एजेन्डा ल्याउन सकून् ।

सातबुँदे सहमति अनुसार अब एक वर्ष नेकपा (एमाले)ले सरकार चलाउनेछ र अत्यसको एक वर्षपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई सरकारको नेतृत्व सुम्पिनु पर्नेछ । जुन विश्वासका साथ यो सरकार बनेको हो र स्थिर राजनीतिक प्रक्रियामा जान चाहेको हो अनि पाँच वर्ष नै यो प्रतिनिधिसभा निर्वाध चलिरहोस् भन्ने जनचाहनामा कुनै कुठाराघात हुनु हुँदैन । सहमतिअनुसार अनवरत रूपमा वर्तमान गठबन्धन २०८४ सालसम्म नै चल्नुपर्छ । आजको अर्को समस्या भनेको प्रतिगामी तत्वहरूको टाउको उठाउने प्रवृत्ति पनि हो । यसको कारणमा स्पष्ट देखिन्छ दलहरूको आपसमा हिलोछ्यापाछ्याप नै हो । गणतन्त्रवादीहरूको कित्ता एकातिर हुनुपर्छ र गणतन्त्र विरोधीहरूको कित्तासँग वैचारिक तरिकाले भिड्न सक्नुपर्छ । पुराना दलहरूबीचको आपसी विवादले प्रतिगामीहरू हौसिएका छन्, तिनको हौसलाका पछिल्तिर गणतन्त्रवादीहरूले राम्रोसँग आफ्ना कामहरू बुझाउन नसक्नु पनि हो भन्ने पर्यवेक्षकहरूको धारणा छ । गणतन्त्रात्मक प्रणाली उदार छ र पनि प्रतिगामीहरूलाई टाउको उठाउन दिनु हुँदैन भन्नेमा पनि उत्तिकै दृढ हुनु आवश्यक छ । यो दुई तिहाइको सरकारलाई जनताको लामो त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक शासन प्रणाली जोगाउनका लागि सबैको सहयोग पनि आवश्यक छ र त्यसका लागि सरकारले संयमताका साथ सहयोग लिन पनि सक्नुपर्छ । सरकारको एक वर्षको समीक्षा गरिरहँदा ससाना विषयहरूमा भन्दा मूल एजेन्डाबाट सरकार विचलित भएको छैन, बरु राजनीतिक स्थिरता, समृद्धिको यात्रा र अन्तरराष्ट्रिय सुसम्बन्धको कसीमा निखारता नै आएको पाइन्छ ।

# 'सरकारको कामले जनतामा आशा जगाएको छ'

काठमाडौं, ३१ असार (रासस) ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा सत्तारूढ दलका सांसदहरूले सरकार गठनको एक वर्षको अवधिमा जनतामा आशाजनक काम भएको बताउनुभएको छ । विपक्षी दलका सांसदहरूले भने सुशासन प्रवर्द्धन र जनताको दैनिक जनजीवनमा सकारात्मक परिवर्तन आउन नसकेको टिप्पणी गर्नुभएको छ ।

प्रतिनिधिसभा बैठकको विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद दीपा शर्माले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार गठनको एक वर्षको अवधिमा आशाजनक काम भएको बताउनुभयो । उहाँले सरकारको एकवर्षे कार्यकालमा विकासका कामले तीव्रता लिएको, नागरिकको सेवाप्रवाहमा सरलता ल्याउन र महत्वपूर्ण कानुन संशोधन भएको तथा 'डिजिटल'मैत्री सेवा प्रवाहमा चालिएका कदम प्रभावकारी बनेको बताउनुभयो । सांसद शर्माले सुरुङमार्गलगायत ठूला पूर्वाधार निर्माणले गति लिएको, कूटनीतिक सम्बन्ध बलियो बनेको र अर्थतन्त्रका सबै सूचकहरू सकारात्मक देखिँदै गएको बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद प्रतिमा गौतमले देशभर बाढी, पहिरोलगायत विपद्जन्य घटनाबाट ठूलो क्षति पुगेको, अधिकांश राजमार्ग अवरुद्ध भएका, नागरिकको दैनिक जनजीवन कष्टकर बनिरहेको भन्दै विपद् व्यवस्थापनको पूर्वतयारी र राहत वितरणलाई प्रभावकारी बनाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले यस वर्ष बढी वर्षा हुने मौसमविद्को पूर्वानुमान रहेकाले सोही अनुरुप सम्भावित विपद्को जोखिम नियन्त्रणका लागि आवश्यक तयारी गर्न तथा किसानलाई बीउ र मलखादको व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का सांसद मेटमणि चौधरीले, संविधान संशोधन, सुशासन प्रवर्द्धन आदि विषयमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभयो । उहाँले गभर्नर नियुक्ति, प्रहरी सरुवा-बढुवालगायत विषयमा पारदर्शिता कायम हुननसकेको जिकिर गर्नुभयो ।

जनता समाजवादी पार्टीका सांसद सुशीला श्रेष्ठले धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्वास्थ्य बिमासम्बन्धी सेवा दिँदै आएकामा स्वास्थ्य बिमा बोर्डको यही असार १० गतेको निर्णयले उक्त प्रतिष्ठानले स्वास्थ्य बिमासम्बन्धी सेवा दिननसक्ने भएको भन्दै प्रथम सेवा केन्द्रमार्फत मात्र स्वास्थ्य बिमा उपलब्ध हुने निर्णयले धरानका जनता सेवाबाट

*बाँकी तीन पृष्ठमा*

# गत वर्ष आफ्नो नेतालाई अपदस्थ गरेको विद्रोहको परिणाम नियन्त्रण गर्न संघर्ष गर्दै बंगलादेश

ढाका, ३१ असार (रासस/एपी)।

गत वर्ष पूर्वप्रधानमन्त्री शेख हसिनालाई विद्यार्थी नेतृत्वको विद्रोहमा सत्ताबाट हटाइएपछि र उहाँको १५ वर्षको शासनको अन्त्य गरेर उहाँलाई भारत भाग्न बाध्य पारिएपछि बङ्गलादेश नयाँ सुरुआतको सम्भावनामा थियो।

नयाँ अन्तरिम सरकारका प्रमुखका रूपमा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले सन् २०२५ जुलाई १५ मा सुरु भएको हिंसामा सयौँको मृत्यु भएपछि लोकतन्त्रमा फर्कन, चुनावी र संवैधानिक सुधारहरू सुरु गर्न र सडकमा शान्ति पुनःस्थापना गर्न विश्वसनीय चुनाव गर्ने वाचा गर्नुभएको थियो।

एक वर्षपछि युनुसको नेतृत्वमा रहेको प्रशासनले विद्रोहको परिणाम नियन्त्रण गर्न सङ्घर्ष गरिरहेको छ। बङ्गलादेश बढ्दो राजनीतिक अनिश्चितता, धार्मिक ध्रुवीकरण र चुनौतीपूर्ण कानून र व्यवस्थाको स्थितिमा फसेको छ।

हसिनालाई अपदस्थ गरेको विरोध प्रदर्शनको एक वर्षपछि बङ्गलादेशका बारेमा केही जान्नुपर्ने कुराहरू

**अराजक राजनीतिक परिदृश्य**

बङ्गलादेशमा लोकतन्त्रको भविष्यका बारेमा ठूलो अनिश्चितता छ। हसिनालाई अपदस्थ गर्ने विद्यार्थी प्रदर्शनकारीहरूले दुई प्रमुख वंशवादी राजनीतिक दलहरू बङ्गलादेश नेसलिस्ट पार्टी (बिएनपी) र हसिनाको अवामी लिगको अत्यधिक प्रभाव तोड्ने वाचा गर्दै नयाँ राजनीतिक दल गठन गरेका थिए।

पार्टीका विरोधीहरूले यसलाई युनुसको नेतृत्वमा रहेको प्रशासनको नजिक रहेको र राज्य संस्थाहरूको प्रयोग गरेर राजनीतिक लाभका लागि अराजकता सिर्जना गरेको आरोप लगाएका छन्।

यसैबीच देशको सबैभन्दा ठूलो इस्लामी पार्टी जमात-ए-इस्लामी हसिनाको सरकारले एक दशकभन्दा बढी समयदेखि दमन गरेपछि राजनीतिमा फर्किएसँगै बङ्गलादेशको राजनीतिक परिदृश्य अझ खण्डित भएको छ।

विद्यार्थी नेतृत्वको पार्टीसँग गठबन्धन गरेर यसले मे महिनामा प्रतिबन्धित अवामी लिगले छोडेको शून्यता भर्न प्रयास गरिरहेको छ। अवामी लिगका नेता हसिनाले मानवता विरुद्धको अपराधका लागि मुद्दाको सामना गरिरहनुभएको छ। सन् १९७१ मा पाकिस्तानबाट बङ्गलादेशको स्वतन्त्रताको विरोध गर्ने जमात-ए-इस्लामीको शक्ति अज्ञात छ।

बिएनपी र जमात-ए-इस्लामी पार्टी दुवै अहिले प्रशासन, न्यायपालिका र विश्वविद्यालय क्याम्पसमा समेत वर्चस्व स्थापना गर्न आपसमा द्वन्द्वमा छन्।

उनीहरूले नयाँ संसदीय चुनावको समयलाई लिएर पनि फरक मत राखेका छन्। युनुसले अर्को वर्ष अप्रिलमा चुनाव हुने घोषणा गर्नुभएको छ, तर खराब कानून र व्यवस्थाको स्थिति र यसमा स्पष्ट राजनीतिक सहमतिको कमीले भ्रम सिर्जना गरेको छ। बङ्गलादेशका सेना प्रमुखले पनि यस वर्षको डिसेम्बरमा चुनाव चाहनुभएको थियो। उक्त अडानलाई युनुसले मन पराउनुभएन।

"क्रान्तिपछिका हनिमुनहरू प्रायः लामो समयसम्म टिक्न सक्दैनन् र बङ्गलादेश कुनै अपवाद होइन", वासिङ्गटन स्थित दक्षिण एसियाली विश्लेषक तथा एसिया प्यासिफिक फाउन्डेसनका वरिष्ठ फेलो माइकल कुगलम्यान भन्नुहुन्छ, "अन्तरिम सरकारले लोकतन्त्र र समृद्धि पुनःस्थापना गर्न ठूलो अपेक्षाहरूको सामना गर्‍यो। तर यो विशेष गरी सार्वजनिक जनादेश बिना एक अनिर्वाचित सरकारका रूपमा गर्न कठिन छ।"

**चुनावअघि सुधार होस् भन्ने युनुसको चाहना**

युनुसले चुनावमा ढिलाइ गर्नुभएको छ किनभने उहाँले संविधान र चुनावदेखि न्यायपालिका र प्रहरीसम्मका परिवर्तनहरूमा सुधार चाहनुभएको छ। हसिनाको आवामी लिग बाहेक राजनीतिक दलहरूसँग छलफल जारी छ।

केही सुधारमा एक व्यक्ति कति पटक प्रधानमन्त्री बन्नसक्छ भन्नेमा सीमा राख्नु, दुई तहको संसद्को थालनी र प्रधानन्यायाधीशको नियुक्ति समावेश छ।

केही आधारभूत सुधारमा थोरै सहमति भएको देखिन्छ। बिएनपी र जमात-ए-इस्लामी दुवै दल केही सर्तसँग सहमत भए पनि आधारभूत संवैधानिक सुधारका लागि अन्य प्रस्तावहरू अड्चनको विन्दु बनेका छन्।

जमात-ए-इस्लामीले पनि अन्तरिम सरकारलाई चुनावमा जानुअघि सुधारहरू पूरा गर्न थप समय दिन चाहन्छ, तर बिएनपीले चाँडै चुनावको आह्वान गर्दै आएको छ। विद्यार्थी नेतृत्वको पार्टीले प्रायः जमात-ए-इस्लामी पार्टीको ढाँचा अनुसरण गर्छ।

कुगलम्यानका अनुसार सुधारको मुद्दा देशलाई एकजुट गर्नका लागि थियो, तर यसको सट्टा यो टकरावको विन्दु बनेको छ।

"सुधारहरूलाई अगाडि बढाउन र उनीहरूलाई थप समय दिन चाहनेहरू तथा यो कुरा समेटेर चुनावमा ध्यान केन्द्रित गर्ने समय हो भन्ने महसुस गर्नेहरू बीच विभाजन छ", उहाँ भन्नुहुन्छ।

**मानवअधिकार र इस्लामवादीहरूको उदय**

युनुसको शासनकालमा बङ्गलादेशमा मानव अधिकार गम्भीर चिन्ताको विषय बनेको छ।

अल्पसङ्ख्यक समूहहरू, विशेष गरी हिन्दूहरूले आफ्नो पर्याप्त सुरक्षा गर्न असफल भएकामा उहाँको प्रशासनलाई दोष दिएका छन्। बङ्गलादेश हिन्दू बौद्ध क्रिस्चियन युनिटी काउन्सिलले गत वर्ष सयौँ आक्रमणमा अल्पसङ्ख्यक हिन्दू र अन्यलाई लक्षित गरिएको बताएको छ।

हसिनाको पार्टीले पनि आफ्नो दशौँ हजार समर्थकलाई पक्राउ गरेकामा अन्तरिम सरकारलाई दोष दिएको छ। युनुसको नेतृत्वमा रहेको प्रशासनले यी आरोपहरू अस्वीकार गर्दछ।

ह्युमन राइट्स वाचकी एसियाली उपनर्देशक मीनाक्षी गाङ्गुली भन्नुहुन्छ, "अन्तरिम सरकारले हसिना सरकारअन्तर्गत भएका जबरजस्ती बेपत्ता र न्यायेतर मृत्युदण्डहरू रोकेको छ, स्थायी सुरक्षा क्षेत्रका सुधारहरू वा बलियो, स्वतन्त्र संस्थाहरू सिर्जना गर्ने प्रतिज्ञालाई पूरा गर्न थोरै प्रगति भएको छ।"

यसैबीच, इस्लामवादी गुटहरूले सत्ताका लागि प्रतिस्पर्धा गरिरहेका छन्। गुटमध्ये केहीले महिला अधिकारमा परिवर्तन प्रस्तावित गरेका छन् र शरिया कानून लागु गर्न माग गरेका छन्। तिनीहरूमध्ये धेरैले बिएनपी वा जमात-ए-इस्लामीजस्ता ठूला दलसँग गठबन्धन बनाउने योजना बनाइरहेका छन्।

बङ्गलादेश मुस्लिम बहुल भए तापनि त्यस्ता गुटहरूले ऐतिहासिक रूपमा महत्त्वपूर्ण चुनावी समर्थन प्राप्त गर्न सङ्घर्ष गरेका छन् र तिनीहरूको उदयले देशको राजनीतिक परिदृश्यलाई थप खण्डित गर्ने अपेक्षा गरिएको छ।

**कूटनीतिक परिवर्तन र विश्व शक्तिहरूसँग सन्तुलन**

हसिनाको १५ वर्षको शासनकालमा बङ्गलादेश दक्षिण एसियामा भारतको सबैभन्दा नजिकको साझेदार थियो। उहाँको पतनपछि युनुसको नेतृत्वको प्रशासन चीनसँग नजिक गएको छ। चीन यस क्षेत्रमा भारतको मुख्य प्रतिद्वन्द्वी हो।

युनुसको पहिलो राजकीय भ्रमण मार्चमा चीनको थियो। त्यो भ्रमणले उहाँलाई लगानी, ऋण र अनुदान प्राप्त गरायो।

अर्कोतिर भारत आफ्नो पुरानो सहयोगी हसिनाको निष्कासनबाट क्रोधित छ र उहाँलाई सुपुर्दगी गर्ने ढाकाको अनुरोधको जवाफ दिएको छैन। हसिनाको पतनपछि भारतले बङ्गलादेशीहरूलाई भिसा दिन रोकेको छ।

विश्वव्यापी रूपमा युनुसलाई पश्चिम र संयुक्त राष्ट्रसङ्घको बलियो समर्थन रहेको देखिन्छ र बङ्गलादेशले आफ्नो विदेश नीति जारी राख्ने देखिन्छ, जसले लामो समयदेखि धेरै विदेशी शक्तिहरूबीच सन्तुलन खोज्ने प्रयास गरेको छ।

कुगलम्यानका अनुसार देशको सबैभन्दा ठूलो चुनौती 'ट्रम्प फ्याक्टर' हुनसक्छ। जनवरीमा, ट्रम्प प्रशासनले बङ्गलादेशलाई युएसएड कोषहरू निलम्बन गर्‍यो। बङ्गलादेशले हसिनाको पतनपछि महत्त्वपूर्ण पुनर्निर्माण अवधिमा अमेरिकी समर्थनको महत्त्वपूर्ण स्तर खोजेको थियो।

"ढाकाले अब अपरम्परागत अमेरिकी प्रशासनसँग आफ्ना सम्बन्धहरूलाई पुनः व्यवस्थित गर्नुपर्छ जसले बङ्गलादेशलाई मुख्यतया व्यापारिक दृष्टिकोणबाट हेर्नेछ", कुगलम्यान भन्नुहुन्छ।

## 'सरकारको कामले ...

वञ्चित हुने खतरा रहेकाले सेवाको सुनिश्चितताका लागि सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

जनमत पार्टीका सांसद अब्दुल खानले संविधानमा व्यवस्था भएको, उपभोक्ताको हकअनुरुप उपभोक्ता हित संरक्षण हुन नसकेको र जनता विषादीयुक्त खानपान गर्न बाध्य भएको भन्दै तीन तहका सरकारले उपभोक्त शिक्षालाई अभियानकै रूपमा सञ्चालन गर्न र विद्यालयका पाठ्यक्रममा उपभोक्ता हिक्षाको व्यवस्था गर्न सरकारसमक्ष माग गर्नुभयो।

जनता समाजवादी पार्टी (जसपा) नेपालका सांसद रेखा यादवले काठमाडौँ महानागरिपालिकाले कबाड व्यवसायीमाथि अमानवीय व्यवहार गरिरहेको र उनीहरूको पेसागत हकको हनन भइरहेको भन्दै दोषीउपर कानुनी कारबाही गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो। साथै उहाँले किसानलाई बीउ र मलखादको व्यवस्था मिलाउन सरकारसमक्ष माग गर्नुभयो।

लोकतान्त्रिक समजवादी पार्टी (लोसपा) का सांसद सर्वेन्द्रनाथ शुक्लाले मौसम पूर्वानुमान महाशाखाले मौसम पूर्वानुमानसम्बन्धी सूचना स्थानीयतहसम्म प्रवाह गर्न नसकेको भन्दै पछिल्लो रसुवालगायत स्थानमा भएका बाढीको यथार्थ विवरण बाहिर ल्याउन सभामुख मार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले कूटनीतिक सन्तुलन कायम गर्दै राष्ट्रहितको पक्षमा काम गरिनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले सिँचाइ अभावले तराईका जनताले धान रोपाइँ गर्न नपाएको र खानेपानीको समेत समस्या भोगिरहेको भन्दै उनीहरूको समस्याप्रति गम्भीर बन्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सामाजिक कुरीति र कुसंस्कारका रूपमा जकडिएको छाउपडी प्रथाको उन्मूलनका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गर्नुभयो।

आम जनमत पार्टीका सांसद प्रभु साहले देशका महत्वपूर्ण राजमार्गको निर्माण कार्य सुस्त रहेको र आवश्यक सडक निर्माण हुन नसकेको भन्दै सडक निर्माण आयोजना समयमा नै सम्पन्न नहुने परिपाटी सदाका लागि अन्त्य हुनुपर्नेमा जोड दिनुभयो।

स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले देशको मेरुदण्डका रूपमा रहेका कृषि, पर्यटन र ऊर्जाको प्रवर्द्धनमा सरकारको ध्यान केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो। स्वतन्त्र सांसद योगेन्द्र मण्डलले गरिबका छोराछोरी अध्ययन गर्ने देशभरका सरकारी विद्यालयका शिक्षक कर्मचारीको पेसागत सुरक्षासम्बन्धी माग सम्बोधन गर्न र विद्यालय शिक्षासम्बन्धी ऐन चाँडो टुङ्ग्याउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

## विश्व समाचार

### भारतद्वारा बोइङ जेटहरूमा इन्धन स्विचहरू जाँच गर्न एयरलाइन्सहरूलाई आदेश

नयाँदिल्ली, ३१ असार (रासस/एएफपी)।

गत महिना एयर इन्डिया जेट दुर्घटनामा दुई सय ६० जनाको मृत्यु भएपछि बोइङका धेरै मोडलमा इन्धन स्विचहरूको छानबिन गर्न भारतले आफ्ना एयरलाइन्सहरूलाई आदेश दिएको छ। भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोले शनिबार जारी गरेको प्रारम्भिक प्रतिवेदनले उडान भरेको केही समयपछि स्विचहरू रन पोजिसनबाट कटअफमा फ्लिप भएको पत्ता लगाएको छ। प्रतिवेदनले जुन १२ को विपत्तिका लागि कुनै निष्कर्ष वा विभाजनको दोष दिएको छैन, तर एक पाइलटले अर्को पाइलटलाई किन इन्धन कटौती गरे भनेर सोधेको र दोस्रो पाइलटले आफूले नगरेको जवाफ दिएको सङ्केत गरेको छ। भारतको नागरिक उड्डयन महानिर्देशालय (डिजिसिए) ले सोमबार ७८७ र ७३७ सहित धेरै बोइङ मोडेलको इन्धन नियन्त्रण स्विचमा लक गर्ने सुविधाको अनुसन्धान गर्न आदेश जारी गरेको छ। बोइङले आफ्ना जेटहरूमा इन्धन स्विच लकहरू सुरक्षित रहेको अपरेटरहरूलाई सूचित रहेको जानकारी दिएपछि यो आदेश आएको हो। तर यो अमेरिकी सङ्घीय उड्डयन प्रशासनले जारी गरेको विशेष उड्डयनयोग्यता सूचना बुलेटिन (एसएआइबी) अनुसार थियो, जसले लकहरू गलत तरिकाले सार्न नसकिने सुनिश्चित गर्न निरीक्षण गर्न सिफारिस गरेको थियो। धेरै भारतीय र अन्तर्राष्ट्रिय एयरलाइन्सले पहिले नै इन्धन स्विचहरूको आफ्नै निरीक्षण सुरु गरिसकेका छन्। "यो डिजिसिएको ध्यानमा आएको छ, अन्तर्राष्ट्रिय साथै घरेलुसहित धेरै अपरेटरले एसएआइबीका अनुसार उनीहरूको विमान फ्लिटमा निरीक्षण सुरु गरेका छन्", डिजिसिएले एक विज्ञप्तिमा भनेको छ। एसएआइबीको दृष्टिकोणमा, प्रभावित विमानका सबै एयरलाइन्स अपरेटरले जुलाई २१ सम्म निरीक्षण पूरा गर्नुपर्ने डिजिसिएले भनेको छ। बोइङ ७८७-८ ड्रिमलाइनर पश्चिमी भारतको अहमदाबादबाट लन्डन जाँदै गर्दा दुर्घटना भएको थियो। दुर्घटनापछि विमानमा सवार दुई सय ४२ जना मध्ये एक बाहेक र जमिनमा रहेका १९ जनाको मृत्यु भएको थियो। सोमबार कर्मचारीहरूलाई लेखेको पत्रमा एयर इन्डियाका सिइओ क्याम्पबेल विल्सनले दुर्घटनाको अनुसन्धान जारी रहेको र 'समयपूर्व निष्कर्ष' मा पुग्नु मूर्खतापूर्ण हुने बताउनुभएको छ।

### तीन देशका अन्तरिक्ष यात्रीहरूका लागि निजी अन्तरिक्ष उडान प्रशान्त महासागरमा अवतरण

केप क्यानाभेरल (फ्लोरिडा), ३१ असार (रासस/एपी)।

भारत, पोल्यान्ड र हङ्गेरीबाट ४० वर्षभन्दा बढी समयपछि पहिलो अन्तरिक्ष यात्रीहरू समावेश गरेको निजी अन्तरिक्ष उडान मङ्गलबार प्रशान्त महासागरमा अवतरणसँगै समापन भएको छ। उनीहरूको स्पेसएक्स क्याप्सुल सोमबार अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनबाट अलग भएको थियो र २४ घण्टाभन्दा कम समयमा दक्षिणी क्यालिफोर्नियाको तटमा समुद्रमा प्यारासुटको सहायताले अवतरण गरेको थियो। चार जनाको टोलीले लगभग तीन हप्ताअघि ह्युस्टन कम्पनी एक्सिओम स्पेसद्वारा चार्टर्ड उडानमा प्रक्षेपण गरेको थियो। सबैभन्दा अनुभवी अमेरिकी अन्तरिक्ष यात्री एक्सिओमकी पेगी ह्विटसनले कमान्डरका रूपमा सेवा गर्नुभयो। उहाँसँग भारतका शुभांशु शुक्ला, पोल्यान्डका स्लावोस्ज उज्नान्स्की-विस्निएव्स्की र हङ्गेरीका तिबोर कापु हुनुहुन्थ्यो। उहाँहरूको देशहरूले मिशनका लागि प्रत्येकले छ करोड ५० लाख डलरभन्दा बढी तिरेका थिए। भ्रमण गर्ने अन्तरिक्ष यात्रीहरूले आफ्नो सम्पदाको उत्सव मनाउँदै कक्षामा दर्जनौँ प्रयोगहरू सञ्चालन गरे। भारत, पोल्यान्ड र हङ्गेरीले अन्तिम पटक सन् १९७० र सन् १९८० को दशकको अन्त्यमा सोभियतहरूसँग अन्तरिक्षमा प्रक्षेपण गरेका थिए। यो सन् २०२२ पछि परिक्रमा चौकीमा एक्सिओमको चौथो मिशन थियो र नासाको थप व्यवसाय र मानिसहरूका लागि ठाउँ खोल्ने चलिरहेको प्रयासको एक हिस्सा हो। कम्पनी हालको स्टेसन प्रतिस्थापन गर्न आफ्नै अन्तरिक्ष स्टेसनहरू विकास गर्ने धेरैमध्ये एक हो। नासाले ३० वर्षभन्दा बढी सञ्चालनपछि सन् २०३० मा चौकी त्याग्ने योजना बनाएको छ।

### युक्रेनमा जासुसी गर्ने अमेरिकी नागरिकलाई रुसी पासपोर्ट

मस्को, ३१ असार (रासस/एएफपी)।

युक्रेनी सेनाहरूमाथि जासुसी गरेर मस्कोको सैन्य आक्रमणलाई सहयोग गर्ने एक अमेरिकीलाई रुसी नागरिकता प्रदान गरिएको मस्को-स्थापित अधिकारीहरूले मङ्गलबार बताएका छन्। रुसी राज्य मिडियाका रिपोर्टहरूका अनुसार डेनियल मार्टिनडेलले रुसले आक्रमण सुरु गरेपछि युक्रेनमा दुई वर्ष बिताए र रुसका गुप्तचर सेवाहरूलाई सैन्य सुविधाहरूको निर्देशाङ्कहरू पठाए। "हाम्रा राष्ट्रपति भ्लादिमिर पुटिनको आदेशद्वारा रूसी सङ्घको एक नागरिकको पासपोर्ट डेनियल मार्टिनडेललाई प्रदान गरिएको छ", युक्रेनको डोनेट्स्क क्षेत्रको रूसी-कब्जा गरिएको भागका प्रमुख डेनिस पुसिलिनले टेलिग्राममा भन्नुभयो, "मार्टिनडेलले लामो समयदेखि आफ्नो वफादारी र कार्यहरूद्वारा प्रमाणित गरे कि उनी हामीमध्ये एक हुन्।" "उनले शत्रुको नियन्त्रणमा रहेको क्षेत्रमा दुई वर्षभन्दा बढी बिताए र उनले मात्र बाँच्ने काम मात्र नगरेर सहयोग गरे। उनले हाम्रा केटाहरूलाई सहयोग गरे, हाम्रा विशेष सेवाहरूलाई महत्त्वपूर्ण जानकारी पठाए, आफ्नो जीवन जोखिममा राखे", पुसिलिनले भन्नुभयो। पुसिलिनले प्रकाशित गरेको भिडियो र राज्य सञ्चार माध्यमका अनुसार मार्टिनडेलले मस्कोमा आयोजित एक समारोहमा आन्तरिक मन्त्रालयका अधिकारीहरूबाट पासपोर्ट प्राप्त गरेका थिए। मार्टिनडेलले रुसलाई 'मलाई स्वीकार गरेको' मा धन्यवाद दिए र रुसी नागरिक बन्नु एक 'सपना' भएको बताए। उनले भिडियोमा रुसी भाषामा भने, "रुस मेरो घर मात्र नभएर मेरो परिवार हो।" युक्रेनमा दुई वर्ष जासुसी गरेपछि, मस्कोले उनी त्यहाँ बढी समय बसे भने उनको ज्यान जोखिममा पर्न सक्छ भन्ने डर गरेपछि उनलाई 'एक जटिल निकासी अपरेशन' मा बाहिर निकालिएको पुसिलिनले बताउनुभयो। सन् २०२४ नोभेम्बरमा राज्य मिडियाले रूसी सुरक्षा बलले उनलाई रुस लगेको र मार्टिनडेलले रूसी नागरिकताका लागि आफ्नो आवेदन दर्ता गरेको रिपोर्ट गरेको थियो। उनको भनिने टेलिग्राम खाताले सोही महिना पोस्ट गरेको थियो, "नमस्ते, म डेनियल मार्टिनडेल हुँ, त्यो केटा जसलाई रुसी सैनिकहरूले आफ्नो जीवन जोखिममा राखेर मैले दुई वर्ष बसेको गाउँबाट निकालेका थिए।"

# फाइनलका लागि राजदेवी रोयल्स र खडक वारियर्स तथा तिरहुत टाइगर्स र कन्चनरुप राइनोजबीच प्रतिस्पर्धा हुने

**दैनिक समाचारदाता**
**राजविराज, ३१ असार ।**
राजविराजमा जारी सातौं संस्करणको मेयर कप सप्तरी प्राइड लिग प्रतियोगिताको फाइनलका लागि राजदेवी रोयल्स र खडक वारियर्स तथा तिरहुत टाइगर्स र कन्चनरुप राइनोजबीच प्रतिस्पर्धा हुने भएको छ ।

मंगलबार सम्पन्न दुई खेल कन्चनरुप राइनोज समुह 'ए' को उपविजेताको रुपमा तथा खडक वारियर्स समुह 'बि' को उपविजेताको रुपमा सेमीफाइनल प्रवेश गरेका हुन् ।

यस अघिनै समुह 'ए' को विजेताको रुपमा राजविराज राजदेवी रोयल तथा समुह 'बि' को विजेताको रुपमा तिरहुत टाइगर्स सेमीफाइनल प्रवेश गरिसकेका छन् । बुधबार प्रतियोगिताको दुवै सेमीफाइनल खेल हुनेछन् भने फाइनल खेल साउन १ गते बिहीबार हुनेछ ।

स्थानीय पवि स्कुलमा सम्पन्न पहिलो खेलमा हनुमाननगर हिरोजलाई ४ विकेटले पराजित गर्दै कन्चनरुप राइनोजले सेमीफाइनलमा स्थान पक्का गरेको हो । सम्पन्न खेलमा कन्चनरुप राइनोजले पाएको ३८ रनको सामान्य लक्ष्य ८.४ ओभरमा ६ विकेट गुमाएर भेटायो । राइनोजको लागि महानन्द यादवले सर्वाधिक १४ रन योगदान दिए जुन क्रममा १२ बलमा २ चौका र १ छक्का प्रहार गरे । राकेश कामतले ८ रन, रौनक सिंहले ६ रन तथा रिराज सहाले ५ रन योगदान दिए ।

हिरोजको बलिङमा सन्जन बैठाले सर्वाधिक ३ विकेट लिएता पनि जितको लागि पर्याप्त रहेन । २. ४ ओभरमा उनले २२ रन खर्चिए । गोमानन्द अमात्यले २ तथा सन्जिब मण्डलले १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको हनुमाननगर हिरोजले १०. ३ ओभरमा ३७ रनमा सम्पूर्ण विकेट गुमाउन पुग्यो । राइनोजका बलर शम्भु मण्डल र अभिमन्यु सरदारले समान ४ विकेट लिंदै हिरोजको इनिंग्स धरासायी बनाए । प्लेयर अफ द म्याच घोषित मण्डलले ४ ओभरमा २२ रन खर्चिए भने सरदारले ३ ओभरमा ९ रन मात्र खर्चिए । यस्तै मुकेश सिंहले २ विकेट लिए ।

त्यस्तै सम्पन्न दोश्रो खेलमा खडक वारीयर्सले रोयल च्यालेन्जर्स बाह्री वीरपुरलाई ८ विकेटले पराजित गर्दै सेमीफाइनलमा स्थान पक्का गर्यो । १ सय २२ रनको लक्ष्य वारियर्सले मात्र २ विकेट गुमाएर १६ ओभरमा भेटायो । वारियर्सको जितमा सन्तोष कार्कीले अविजित अर्धशतकीय योगदान दिए जुन क्रममा उनले ४० बलमा ५ चौका र ४ छक्का प्रहार गर्दै ६३ रन बनाए । यस्तै ओपनर फिर्दोश अन्सारीले अविजित ४३ रन बनाए जुन क्रममा ३४ बलमा ६ चौका प्रहार गरे ।

तेश्रो विकेटको लागि कार्की र अन्सारीले अविजित ९२ रनको साझेदारी गर्दै जितसम्म डोर्याए । वीरपुरको बलिङमा राहुल विकले १ मात्र विकेट लिए । यस अघि टस जितेर ब्याटिंग गरेको रोयल च्यालेन्जर्स बाह्री वीरपुरले २० ओभरमा ८ विकेट गुमाएर १२१ रन बनाएको थियो । वीरपुरको आगी भिम यादवले सर्वाधिक २५ रन योगदान दिए । यस्तै तृत राज दासले २२, राहुल विकले १५ तथा अमित यादवले १४ रन बनाए । खडक वारियर्सका बलर फिर्दोश अन्सारी, अभिषेक कार्की र अनिल कुमार यादवले समान २ विकेट लिए । पप्पु यादव (वि) र पप्पु यादव (ए) ले समान १ विकेट लिए ।

उक्त अवसरमा प्लेयर अफ दि म्याच संतोष कार्की र गेम चेन्जर फिर्दोष कार्कीलाई राजबिराज नगरपालिका वडा ११ का वडा अध्यक्ष उदित नारायण यादव र कार्यपालिका सदस्य ललिता कर्णले कप, नगद पुरस्कार प्रदान गरेका थिए ।

सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रतियोगिताको विजेता टिमले २ लाख तथा उपविजेताले १ लाख रुपैयाँ प्राप्त गर्ने सप्तरी क्रिकेट संघका सचिव चन्दनकुमार यादवले जानकारी दिए ।

# देशभर पूर्णखोप घोषणा

काठमाडौँ, ३१ असार (रासस) ।
काठमाडौँ, नुवाकोट, रसुवा, सुनसरी, डोल्पा र कैलाली जिल्लाले सोमबार एकैदिन पूर्णखोप सुनिश्चितताको दिगोपना घोषणा भएसँगै सबै जिल्ला पूर्णखोप घोषणा भएका छन् । परिवार कल्याण महाशाखा, बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमका अनुसार नेपालमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्ने कार्य करिब दुई दशकअघिदेखि सुरु गरिएको थियो । एकै आर्थिक वर्षमा सबै जिल्ला पूर्णखोप घोषणा भएको यो पहिलोपटक हो । नेपालमा सुरुमा पाल्पा पूर्णखोप जिल्ला घोषित भएको थियो ।

"पूर्णखोप सुनिश्चतता तथा दिगोपना घोषणा केवल घोषणामात्र होइन, बालबालिकाको स्वास्थ्य सुरक्षाका लागि गरिएको एउटा महत्त्वपूर्ण कदम हो", शाखाका प्रमुख डा गौतमले भन्नुभयो, "यो नेपालका लागि ठूलो सफलताको हो ।"

परिवार कल्याण महाशाखाका प्रमुख डा विवेक लालले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा स्वास्थ्यकर्मी एवं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको समर्पण, स्थानीय जनप्रतिनिधिको नेतृत्व एवं अपनत्व, अभिभावकको विश्वास र समुदायको सहकार्यले भएको बताउनुभयो ।

हरेक वर्ष घरदैलो कार्यक्रम गरी खोज र खोप अभियानअन्तर्गत दुई वर्षमुनिका बालबालिकाले १५ महिनाभित्र लगाउनुपर्ने सबै खोपको पूर्णमात्रा पाए/नपाएको पहिचान गरिन्छ । खोप लगाउन छुट भएका ती बालबालिकालाई सबै खोपको पूर्णमात्रा पाएको सुनिश्चित गर्दै 'पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा' गरिन्छ ।

शाखा प्रमुख डा गौतमका अनुसार पूर्णखोपका लागि जन्मेदेखि १५ महिनासम्मका बालबालिकालाई नौ प्रकारका खोप दिइने गरिन्छ । ती नौ प्रकारका खोप सातपटकमा १८ मात्रा खोप लगाउने गरिन्छ । ती नौ प्रकारका खोप विभिन्न १३ वटा रोगका विरुद्ध रहने गरेको उहाँले बताउनुभयो ।

जन्मनेबित्तिकै क्षयरोगविरुद्धको बिसिजी खोप र १५ महिना पुगेपछि दादुराबस्-रुबेला र टाइफाइड रोगविरुद्धको खोप दिइने गरिन्छ । वडा पूर्णखोप घोषणा गर्ने बेलामा वडाले पालिकामा प्रस्ताव पठाउँछ, पालिकाले अनुगमन गरेर वडालाई घोषणाको अनुमति दिन्छ ।

त्यसैगरी, पालिकाले जिल्ला खोप समन्वय समितिलाई प्रस्ताव पठाउँछ र जिल्ला खोप समन्वय समितिले अध्ययन, अनुगमन प्रमाण हेरेपछि पूर्णखोप घोषणा गर्नका लागि अनुमति दिन्छ । जिल्लाले प्रदेश खोप समन्वय समितिलाई प्रस्ताव पठाउँछ, अनि प्रदेश खोप समन्वय समितिले अध्ययन, अनुगमन गरेपछि घोषणा गर्ने अनुमति दिन्छ । प्रदेशले चाहिँ सङ्घीय राष्ट्रिय खोप समन्वय समितिलाई त्यसैगरी पठाउँछ ।

यस्तै प्रदेशअन्तर्गत मधेस प्रदेशले पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरेको छभने अन्य प्रदेशले घोषणाको तयारी गरेको उहाँले बताउनुभयो । सबै जिल्ला पूर्णखोप घोषणा गर्नका लागि विश्व स्वास्थ्य सङ्गठन, 'खोपका लागि ग्लोबल एलायन्स' (गाभी), युनिसेफलगायतका साझेदार संस्थाको सहयोग रहेको शाखा प्रमुख डा गौतमले बताउनुभयो ।

# खानेपानी समस्या समाधानका लागि प्रदेश सरकारले स्रोतसाधन परिचालन गर्ने

जनकपुर, ३१ असार (रासस) ।
मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सुख्खाग्रस्त र खानेपानीको समस्या समाधानका लागि प्रदेश सरकारले स्रोतसाधन परिचालन गर्ने बताउनुभएको छ ।

मंगलबार सरोकारवाला मन्त्रालय र दातृ निकायहरूसँगको बैठकमा मुख्यमन्त्री सिंहले ती समस्या समाधानका लागि सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।

उहाँले मौजुदा अवस्थामा प्रदेश सरकार तथा दातृ निकायहरूबाट गर्न सकिने तात्कालीन र दीर्घकालीन उपायहरू अवलम्बन गर्न आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "बैठक र निर्णय मात्र होइन के गर्न सकिन्छ तुरुन्तै सुरु गरौं ।"

प्रदेशका सबै १३६ वटै पालिकामा सुख्खा र खानेपानीको समस्या रहेको बताउँदै उहाँले प्रदेशका नागरिक समस्यामा रहेका बेला सहयोग गर्न अग्रसरता देखाउनका लागि दातृ निकायका प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो । "प्रदेशका नागरिक अहिले वातावरणीय असन्तुलनको प्रभावबाट सङ्कटमा रहेका बेला खुल्ला हृदयले सहयोग गर्न दातृ निकायहरूलाई आग्रह गर्दछु", उहाँले भन्नुभयो ।

बैठकमा प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री जनार्दन सिंह क्षेत्री, गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी र ऊर्जा, सिंचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादवको समेत उपस्थिति रहेको थियो । यस्तै, वर्तमान अवस्थावारे मन्त्रालयगत रूपमा तथ्याङ्क प्रस्तुत गरिएको थियो ।

बैठकमा दातृ निकायका प्रतिनिधिहरूले आवश्यक सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरेका छन् ।

# मधेश प्रदेशद्वारा वन क्षेत्र सुधार अभियान आरम्भ

धनुषा, ३१ असार (रासस) ।
मधेश प्रदेश सरकारले वन क्षेत्र सुधारको अभियान सुरु गरेको छ । वन निर्देशनालयको आयोजनामा वार्षिक तथा चौथो त्रैमासिकप्रगति समीक्षा गोष्ठी कार्यक्रममा मन्त्रालयले विभिन्न जिल्लामा सञ्चालन भएका योजनाको वार्षिक प्रगति प्रतिवेदन र समीक्षा प्रस्तुत गरिएको थियो ।

गोष्ठीमा मधेश प्रदेशका वन तथा वातावरणमन्त्री सञ्जयकुमार यादवले पारदर्शी, जवाफदेही र जनमैत्री वन प्रशासन निर्माण गर्न सबै सरोकारवालाको साझा पहल आवश्यक रहेको बताउनुभयो । उहाँले अब सबै जिल्लामा वनसँग सम्बन्धित राजस्व उठाउन सबैले प्रयास गर्न आवश्यक छ ।

मन्त्री यादवले भन्नुभयो, "जस्तोसुकै अवस्थामा पनि राज्यको समृद्धिका लागि वन संरक्षण र राजस्व वृद्धि अत्यावश्यक छ । 'सेटिङ' शब्दलाई वन प्रणालीबाट जरैदेखि हटाउनु जरुरी रहेको उहाँको भनाइ थियो ।

सो अवसरमा मधेश प्रदेशका प्रमुख सचिव मदन भुजेलले वन कर्मचारीको काँधमा ठूलो जिम्मेवारी रहेको उल्लेख गर्दै वन क्षेत्रलाई कसरी राम्रो गर्ने भन्नेतर्फ लाग्न सबैमा आग्रह गर्नुभयो । वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले वन अतिक्रमण क्षेत्रको व्यवस्थापनका लागि विशेष ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

वन निर्देशनालयका निर्देशक जगरनाथ जैसवालले आर्थिक वर्ष २०८१/८२ मा ७८ लाख ५७ हजार ९५१ बिरुवा उत्पादन, ३८४.८३ हेक्टरमा वृक्षरोपण, १७५ हेक्टरमा रहेको अतिक्रमण हटाउन सफल र राजस्व सङ्कलन रु १२ करोड ८९ लाख ९९ हजार रहेको उहाँले जानकारी दिनुभयो ।

# विपक्षी दलको बहिष्कारका बीच मधेस प्रदेशसभाबाट बजेट पारित

धनुषा, ३१ असार (रासस) ।
मधेस प्रदेश सरकारको बजेट विपक्षी दलको बहिष्कारबीच पारित भएको छ ।

सोमबारको प्रदेससभा बैठकमा विपक्षी दलको अनुपस्थितिका बीच सत्ता दलहरूको बहुमतले बजेट पारित गरिएको हो । सभामुख रामचन्द्र मण्डलले प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को विनियोजन विधेयक बहुमतले पारित भएको घोषणा गर्नुभयो ।

विपक्षी दलका प्रदेशसभा सदस्यले सांसदलाई उपलब्ध गराइएको र अर्थ मन्त्रालयले कार्यदललाई उपलब्ध गराएको रेडबुकमा २९४ पाना फरक परेको भन्दै विरोध जनाएका छन् । सरकारले आर्थिक अपराध गरेको भन्दै विपक्षी दलहरूले सोमबार बिहान कार्यदल बैठक र पछि प्रदेशसभा बैठकसमेत बहिष्कार गरेका थिए । त्यसपछि सत्ता पक्षीय दलका सदस्यहरूको उपस्थितिमा मात्रै बैठक अगाडि बढेको थियो ।

विपक्षी दलले अर्थमन्त्रीको राजीनामा र त्यसपछि बन्ने अर्थमन्त्रीले ल्याएको बजेट मात्र स्वीकार गर्ने अडान राखेका थिए ।

गत असार १ गते अर्थमन्त्री सुनिल यादवले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि रु ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो ।

पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशसभा बैठकमा पेस गरिएको र अर्थ मन्त्रालयसँग रहेको बजेट फरक परेकाले अर्थमन्त्रीको राजीनामाको माग गर्दै आफूहरूले बैठक बहिष्कार गरेको बताउनुभयो ।

सत्ता पक्षका केही प्रदेशसभा सदस्यले पनि बजेटमा फरक परेको भन्दै विरोध जनाएका छन् । लोकतान्त्रिक समाजवादी पार्टीका प्रदेशसभा सदस्य उपेन्द्र महतोले बजेटबाट २९४ पाना गायब गरिएको भन्दै विरोध जनाउनुभएको थियो । नेपाली कांग्रेसका वीरेन्द्र सिंहले पनि विगतमा रु ५० लाखभन्दा कमको बजेट नल्याउने बाचा गरिए पनि रु पाँच लाखसम्मको योजना ल्याएर जनताको अगाडि मुख नदेखाउने अवस्था बनाएको टिप्पणी गर्नुभयो ।

मुख्यमन्त्री सतिष सिंहले भने योजना प्रणालीमा प्रविष्ट गर्दा केही फरक परेको र विगतमा पनि शून्य तथा कम बजेट भएका योजना रेडबुकमा नल्याउने गरिएको बताउनुभयो । यसपटक पनि त्यहीअनुसार गरिएकाले विरोध गर्न आवश्यक नरहेको उहाँको भनाइ थियो ।

***न्यौपाने संघीय ...***

व्यक्त गरे ।

उनका बारेमा विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा लाखौं रुपैयाँ घूस लिएको श्रव्य सामग्री सार्वजनिक भएको छ ।

# आगामी आवको कार्ययोजनासहितको विवरण पेस गर्न प्राधिकरणको निर्देशन

काठमाडौँ, ३१ असार (रासस) ।
नेपाल बिमा प्राधिकरणले जीवन बिमा कम्पनी र लघुजीवन बिमा कम्पनीलाई एक निर्देशन दिँदै सबै विवरण उपलब्ध गराउन भनेको छ । प्राधिकरणले आगामी आर्थिक वर्षका लागि आआफ्ना मातहतका कर्मचारी, विभाग, प्रादेशिकलगायत कार्यालय, व्यावसायिक लक्ष्य निर्धारण गर्दा प्रथम बिमा शुल्कका अतिरिक्त नवीकरण बिमा शुल्क तथा स्यादी जीवन बिमा शुल्कलाई अनिवार्य समावेश गर्न निर्देशन दिएको हो ।

प्राधिकरणले सबै जीवन बिमा कम्पनी र लघुजीवन बिमा कम्पनीलाई जारी गरेको परिपत्रमा आगामी आर्थिक वर्षका लागि आफ्ना मातहतका कर्मचारी, उपशाखा/शाखा/प्रादेशिक कार्यालय र विभागलाई व्यावसायिक लक्ष्य निर्धारण गर्दा प्रथम बिमा शुल्कका अतिरिक्त नवीकरण बिमा शुल्क तथा स्यादी जीवन बिमा शुल्कलाई अनिवार्य समावेश गर्ने गरी निर्धारण गर्न निर्देशन दिएको उल्लेख छ ।

बीमकले मातहतका कर्मचारी र विभाग तथा कार्यालयलाई व्यावसायिक लक्ष्य निर्धारण गर्दा सावधिक र एकल बिमा शुल्क भुक्तानी हुने बिमालेखलाई मात्र प्राथमिकता दिने गरेका गुनासाहरू आउने गरेका छन् ।

यस्तै, बीमक ठूलो रकमको बिमा शुल्क सङ्कलनमा केन्द्रित हुँदा बिमाको पहुँच न्यून आय भएका वर्गसम्म पुग्न नसकेको, बिमा अवधि नपुग्दै बिमालेख व्यतित तथा समर्पण हुनेलगायत समस्या देखापरेको छ । त्यसबाट गुणस्तरीय एवं भरपर्दो बिमा सेवा प्रवाहमा चुनौती थपिएका सन्दर्भमा प्राधिकरणले त्यस्तो निर्देशन दिएको प्राधिकरणका कार्यकारी निर्देशक एवं प्रवक्ता सुशीलदेव सुवेदीले जानकारी दिनुभयो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*